सूचना र पारदर्शिताको लागि मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालको अर्धवार्षिक प्रकाशन

# प्रतिष्ठान समाचार



## नवौं साधारण सभा विशेष

वर्ष-४ | अंक-६ | पौष २०६७

*"तर त्यसवेला राजा विनाको प्रजातन्त्र हुनेछ ।" पेज नं २*

*न्युजल्याडबाट ल्याईएको प्रमाणित जर्सि तथा हो लिष्टनको विउँ प्रयोग री नश्ल सुधारको लागि वहर उत्पादन पेज नं ३*

*समुदायमा सूचना तथा संचार प्रविधिको पहुँच पेज नं ४*




*तस्विरमा मदन भण्डारी पुस्तक अन्तिम पेज*

## नमूना गाउँको प्रारुप, विशेषता र साझेदारको भूमिका बारे छलफल

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालले प्रवर्द्धन गरेको *नमूना गाउँको प्रारुप, यसका विशेषता तथा निर्माणमा संस्थागत एवं सामुदायिक सहभागिता* विषयक एक दिने कार्यशाला गोष्ठीको आयोजना मिति २०६६ भाद्र २६ गते प्रतिष्ठानको मुख्य कार्यालय उर्लावारी, मंलगवारेमा भएको थियो । कार्यक्रममा नमूना गाउँ उर्लावारी र ईटहरका राजनितिकर्मी, समाजसेवी, किसान तथा गाविस कार्यालयका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो । त्यसै गरी जिल्ला स्थिति सरोकारवाला सरकारी तथा गैससका प्रतिनिधीहरुको समेत उपस्थिति रहेको उक्त कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननिय डा. युवराज खतिवडा रहनु भएको थियो । कार्यक्रम प्रतिष्ठानका अध्यक्ष गुरुप्रसाद वरालको अध्यक्षतामा सम्पन्न भएको थियो । कायशार्लामा सहभागीहरुलाई प्रतिष्ठानका सचिव युवराज भट्टराईले स्वागत गर्नु भएको थियो भने सुदिप भट्टराई र श्रीधर लामिछानेले सहजीकरण गर्नु भएको उक्त कार्यक्रमको संचालक निधिरत्न धिमिरे हुनुहुन्थ्यो । उक्त कार्यशाला गोष्ठीमा सहभागितामूलक प्रक्रियाबाट नमूना गाउँको प्रारुप,



अन्तरक्रियालाई सम्वोधन गर्दै डा. खतिवडा

विशेषता तथा यसको निमाणमा संस्थागत सहभागिता समवन्धमा छलफल भएको थियो ।

## मदन स्मृति संग्राहलय र पार्क निर्माण कार्य शुरु

नेपाली कम्युनिष्ट आन्दोलनका शिर्ष नेता तथा विश्व कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरणका नेतृत्वकर्ता जननेता मदनकुमार भण्डारीको रहस्यमय दुर्घटनामा देवसान भएपश्चात उहाँको राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक परिर्वतनका विचार तथा वहाँलाई चिरस्मरणीय राख्न आवश्यक महशुस गरी नयाँ पुस्तामा वहाँलाई स्मृतिमा राख्ने उद्देश्यले प्रतिष्ठानले विभिन्न क्रियाकलापहरु संचालन गर्दै आएको छ । यसै सर्न्दभमा उर्लावारीमा मदन स्मृति कक्ष (भविष्यमा संग्रालयको रुप दिने गरी), पुष्प वाटिका र वाल उद्याल निर्माणको काम थालेको छ ।

संग्राहालय, पुस्पवाटिका तथा वालउद्यान वहाँको जीवनका महत्वपूर्ण क्षण झल्काउने हुनेछ । आगन्तुक पर्यटक तथा पाहुनाहरु रमाउन सक्ने मनमोहक हरियाली, विभिन्न वनस्पति, वृक्ष, रंगिचङ्गी फूल, पानी झरना, जननेताको विभिन्न आयामलाई झल्काउने भित्तेचित्र जस्ता दृष्यहरु, पूर्णकदको सालिक बालबालिकाका लागि लुकामारी बगैचा, ज्ञानवर्द्धक सामग्रीहरु वटिकामा रहने छन् भने संग्राहलयमा जननेताको व्यक्तिगत तथा सार्वजनिक जीवनका विविध पक्ष अनुभुत गराउने सामग्रीहरु, अर्धकदको सालिक, व्यक्तिगत जीवनामा प्रयोग भएका सामग्रीहरु, शयन र कार्यालय कक्षको प्रारुप, जननेताबाट लिखित तथा संकलित पुस्तकहरुको प्रदर्शनी, वहाँबारे प्रकाशित खवर, लेख तथा वहाँबाट विभिन्न समयमा दिएका महत्वपूर्ण विचारका श्रव्यदृष्य सामग्रीहरुको संकलन र वितरण रहने छ ।





## भित्री पृष्ठमा

**मदन विचार २**
**सामुदायिक क्रियाकलाप ३**
**सामुदायिक क्रियाकलाप ४**
**शैक्षिक गतिविधि ५**

## सम्पादकिय

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालको नवौं साधारण सभाको अवसरमा हामी यहाँ उपस्थित भएका छौं । यो समयमा प्रतिष्ठानले गरेका र गर्न यो जना बनाएका कतिपय महत्वपूर्ण कामहरुको बारेमा ब ढ ी भ न्द ा बढी सूचना सदस्यहरु बीच पुऱ्याउनु समितिको कर्तब्य ठानी सभाको संघारमा प्रतिष्ठान समाचार लिएर उपस्थित भएका छौं । हुन त सम्पन्न गतिविधिहरु र आगामी कार्यक्रमबारे समितिको प्रतिवेदनमा समेत उल्लेख भएको छ । तर प्रतिवेदनमा कार्यक्रमको सघनता, प्रभाव तथा कार्यक्रमको विस्तृत बिवरण नभएको हुनाले ती कार्यक्रम बारे थप स्पष्ट पान का लागि यो समाचार प्रकाशन गर्ने जमर्को गरेका छौं । प्रतिष्ठान समाचारको यो पाँचौ अंक हो । यस भन्दा अघि प्र का श न भ ए का प्रतिष्ठान समाचारका अघिल्ला अंकहरुमा पनि हामीले प्रतिष्ठान भित्र भएका धेरै कामहरुका बारेमा सदस्यहरुमा जानकारी पुगोस् भन्ने हेतुले प्रयास गरेका थियौं । हाम्रो प्रयासका बारेमा अपेक्षा अनुरुप पृष्ठपोषण प्राप्त हुन नसकेको ले सुधार गर्ने मौकाबाट बञ्चित हुनुपर्‍यो । यो प्रकाशनका लागि धेरै भन्दा धेरै सदस्यहरुको सहभागिताको अपेक्षा हामीले गरेका छौं । आगामी दिनमा सुधारिएर आउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

## मदन विचार

*"तर त्यसवेला राजा विनाको प्रजातन्त्र हुनेछ ।"*

तपाईहरुले पढ्नुभयो, राजा पनि अब अन्तर्वाता दिएर जनतामा आउन थाले । राजालाइ पनि गाउँगाउँ घुम्ने रहर जागेछ । २०१२ सालमा राजा महेन्द्र पनि कुनै राजनीतिक पार्टीले भलो गर्दैनन् भनेर गाउँगाउँ घुमेका थिए । त्यसको परिणाम २०१७ सालले दे खायो । हामी कम्युनिष्टहरुले यो कुरा वारम्वार भन्दै आएका छौ । अव ०४९-५० साल ? तर त्यस बेला राजाविनाको प्रजातन्त्र हुनेछ । हामी निर्वाचित सत्ताको पक्षमा छौं । र ाजा अनिर्वाचित हुन् । अनिर्वाचित सत्ता-मुर्दावाद । मदन भण्डारी

*"काङग्रेस गणतन्त्रवादी नहुने कुनै सैद्धान्तिक व्यवधान छैन ।"*

यो कुरा ने.का. ले जनतालाई प्रभावित गर्ने राजनीति गरिरहने हो कि होईन भन्नेमा निभ र गर्दछ । गणतन्त्र कम्युनिष्टहरुले लगाउने र लगाउदै आएको नारा मात्र पनि होईन । काङग्रेसले यो मुलुकको कल्याण र यहाँका जनताको भविष्यको ख्याल नगर्ने हो भने मात्र घामजून रहेसम्म राजा र राजतन्त्र रहनुपर्छ भन्ने कसम खाए हुन्छ । काङग्रेसले अहिले शक्तिसन्तुलनको हिसाब गरेर कार्यनीतिक लाईनको रुपमा गणतन्त्रको पक्ष नलिएको पनि हुन सक्छ । राजतन्त्रको प्रतिगामी राष्ट्रिय-अन्तराष्ट्रिय स्वार्थसँग गाँसिए मात्र काङग्रेस गणतन्त्रको पक्षमा आउदैन, होइन भने काङग्रेस यसतर्फ नआउने कुनै सैद्धान्तिक व्यवधान छैन । काङग्रेसले यस्तो मूर्खता नगरोसजस्तो मलाई लाग्छ ।

मदन भण्डारी, विर्मश वर्ष २०, अंक ११

*यत्राविधि सेताहात्तीहरुलाई यो मुलुकले धान्न सक्दैन ।*

संविधानको श्री ५ भन्ने महलमा श्री ५ र राजपरिवारको खर्च कानूनमा व्यवस्था भए वमोजिम हुनेछ भनि उल्लेख गरिएको छ । तर यो बजेट दस्तावेजमा श्री ५ र राजपरि वारको खर्च भनि पञ्चायति बजेटमा जस्तै गरी आएको छ । म प्रश्न गर्न चहान्छु कि कानून बनाएर त्यो कानूनद्धारा श्री ५ र राजपरिवारको खर्च निश्चित गरिन्छ र त्यसलाइ व्यवस्थित गरिन्छ भनेर संविधानमा उल्लेख गरिएको छ । त्यो कानून कहिले बन्यो, कसले बनायो, कानून बनेको छैन र यो प्रतिनिधि सभाले बनाउने हो भने कानून नबनाइ खर्चहरु यस तरिकाले allocate गर्ने हो भने यो संसदको अधिकारको उल्लघंन भयो की भएन, अर्को कुरा संविधानले भनेको छ यसको अर्थ संविधान अन्तर्गग राजनिति गने शक्तिहरुले संवैधानिक राजा रहने भनिमानेका छन यसको अर्थ स्वभाविक रुपले रानी अनि राजाका उत्तराधिकारी युवराजधिराज पनि यस अन्तर्गगत आउछ । राजपरिवार भन्नाले त्यो एकल परिवार जो एउटै भान्सामा खान्छ । उसका सबै काका, मामा, फुफु, भान्जा, भतिजालाई पनि समावेश गर्न सकिदैन् । यदि त्यसो हो भने संसदमा छलफल गर्नु पर्दछ । यत्रा विधि सेता हात्तिहरुलाई यो मुलुका गरिव जनता र यो मूलुकले धान्न सक्छ कि सक्दैन । मदन भण्डारी, प्रतिनिधि सभा, बजेट शत्र

## बालक्लब परिचालन र तालिम

सशक्तिकरणको माध्यमद्धारा जीवको पार्जनमा सुनिश्चितता कार्यक्रम अर्न्तगत इन्द्रपुर र लखनपुर गाविसका प्रायोजित बालबालिका र वाल क्लव सहित १२५ जना बालबालिकाहरु लाई १ दिने बाल अधिकार र शिक्षा अधिकार, बाल सहभागिता, बाल कल्ब संचालन विधि र ब्यवस्थापन सम्बन्धि तालिम प्रदान गरियो । तालिम पश्चात बालबालिकाहरु आफना हक अधिकार बारे आवाज उठाउन र कल्व संचालन गर्न सहज अनुभव गर्न थालेका छन् । केहि गाविसहरुमा बाल सञ्जाल निर्माण गरि गाविस संग बजेटहरुको जोहो गर्न थालेका छन । तालिम २०६६ मंसिरको अन्तिम देखि प्रत्येक सनिवार संचालन गर्न थालिएको छ । कार्यक्रम लखनपूरका ४ समूह र इनद्रपूर गाविसका ३ समूहमा संचालन भई सकेको छ ।



## सहभागितामूलक चिन्तनमनन् प्रक्रिया (PRRP) सम्पन्न

सशक्तिकरणको माध्यमद्धारा जीवको पार्जनमा सुनिश्चितता कार्यक्रम अर्न्तगत परियोजनाले २००९ जनवरी देखि नोम्वर सम्म १ वर्ष गरिएका क्रियाकलापहरु, त्यसबाट प्राप्त उपलब्धिहरु, प्रक्रिया र खर्च गरिएको बजेटको बारेमा प्रतिष्ठानद्धारा गठित ३१ महिला समुह,१५ बालबालिकाको समुह र ६ ज्येष्ठहरुको समुहको सदस्यहरुको उपस्थिति र सहभागितामा ६ वटै गाविसमा सहभागितामूलक चिन्तन मनन् प्रक्रिया **PRRP** सम्पन्न गरियो । यस सहभागितामूलक कार्यकमले परियोजनाले गरेको क्रियाकलापहरु सम्बन्धि जानकारीमा प्रस्टता हुनाको साथै यो कार्यकम हाम्रो पनि हो भन्ने विश्वास बढेको छ । कार्यक्रममा समूदायका ३४० जना महिला सहित ४४७ जना समुह सदस्यहरुको सहभागीता रहेको थियो ।



## लेटाङमा आधारशिला तालिम सञ्चालन

मोरङ सामुदायिक विकास तथा सघन पशु विकास तथा नश्ल सुधार परियोजना अन्तर्गत दुग्ध उत्पादक सहकारी सँस्था लिमिटेड लेटाङका पदाधिकारीहरुलाई मिति २०६६ कार्तिक २९ देखि मंसिर ५ गतेसम्म आधार शिला तालिम सञ्चालन गरियो । कृषि विकास बैंकको क्षेत्रीय तालिम केन्द्रको हलमा सम्पन्न तालिमको सहजीकरण हेफर इन्टरनेशनल नेपालका तालिम प्रवन्धक बुद्धि खत्रीले गर्नुभएको थियो । तालिममा छलफल भएका विषय वस्तुहरु सहभागिहरुले बुझ्न सकुन भन्ने सोचाइले तालिमका सहभागिहरुलाई एक दिने अध्ययन भ्रमण पनि सञ्चालन गरिएको थियो । तालिमका सहभागिहरु पथरी ९ स्थित एकता समूहमा आई समूहका सदस्यहरुसँग छलफल गर्नुभएको थियो ।

सो तालिमको समापन सार्वजनिक समारोह गरि भएको थियो । समापनमा सहभागिहरुले तालिमका अनुभुतिहरु सुन्दर तरिकाले प्रस्तुत गरेका थिए । समापनमा प्रतिष्ठानका अध्यक्ष गुरु बराल, उपाध्यक्ष रोमनाथ ओली तथा क्षेत्रीय पशु निर्देशक डा. योगेन्द्र यादव तथा पशु विकास अधिकृत डा. अजय शाह समेतको उपस्थिति थियो । सार्वजनिक सुनुवाई शैलीमा भएको समापनमा जवाफदेही ब्यक्तिहरु बाट प्रतिबद्धता समेत व्यक्त भएको थियो ।

## व्यवसायिक पशु विकास अभियान

### कृत्रिम गर्भाधान सेवा प्रारम्भ

प्रतिष्ठानको अगुवाईमा पशुसेवा विभाग, सामुदायिक पशु विकास आयोजना र हेफर इन्टरनेशनल नेपालको सहकार्यमा प्रतिष्ठानको कार्यक्षेत्रका १४ जना निजी पशु प्राविधिकहरुको टोली सहितले गत श्रावण महिना देखि कृत्रिम गर्भाधान सेवा प्रारम्भ गरी हाल सम्म १७०० भन्दा बढि गाई तथा भैसीमा कृ.ग. गरिसकेको छ । यस कार्यका लागि मासिक रुपमा आवश्यक पर्ने ३०० लि. नाईट्रोजन र ३५० सिमेन पशु उत्पादन निर्देशनालय पोखरा मार्फत लहान सिमेन बैंकले उपलब्ध गराउदै आएको छ । स्थानिय रुपमा प्रतिष्ठानले यसको संकलन र वितरणको कार्य गर्दै आएको छ । यस कार्यक्रमलाई सहयोग पुर्‍याउने उद्देश्यले आगामी असार मसान्त सम्ममा ४०० वटा स्थानिय गाई छनौट गरी हर्मोन प्रयोगद्धारा कृत्रिम गर्भाधान गरिनेछ ।

### दुधालु गाई वंश सुधार कार्यक्रम शुरु

FAO, NARC तथा पशु सेवा विभागको सहकार्यमा नेपालमा भएका गाईलाई न्युजल्याडबाट ल्याईएको प्रमाणित जर्सि तथा होलिष्टनको विउँ प्रयोग गरी नश्ल सुधारको लागि वहर उत्पादन गर्ने उद्देश्यले झापाको कार्यक्षेत्र (माई खोला पश्चिम) १०० वटा गाई गोठको २०० भन्दा बढि गाईलाई यस कार्यक्रममा समावेश गरी कार्यक्रमको शुरुवात गरिएको छ ।

# नमूना गाउँ विकास अभियान

जननेता मदन भण्डारीले अघि सार्नु भएको सामाजिक, आर्थिक सोच अनुरुपको गाउँ विकास गर्ने अभिप्रायले मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालले नमूना मदन गाउँको अवधारणा अगाडी सारेको छ । यस सोच अनुसार ग्रामिण क्षेत्रमा रहेका यावत समस्याहरुको दीर्घकालिन समाधान समुन्नत, स्वावलम्वी, उद्यमी व्यवसायीक, स्वस्थ र सुन्दर गाउँको स्थापना गने लक्ष्य लिएको छ । स्व. जननेता मदन भण्डारीको जीवनसँग गाँसिएका विभिन्न स्थानहरु मध्ये तीनवटा स्थान ताप्लेजुङ्गको ढुङ्गेसाँघु, मोरङको इटहरा र उर्लावारी गा.वि.स. रहेका छन् ।

हाल यस कार्यक्रम अर्न्तगत ईटहरा र ढुङ्गेसाँघु गाविसको कार्यहरु धेरै अगाडि वढि सकेका छन् भने उर्लावारी गाविसमा नमूना गाउँ प्रवर्द्धनका लागि सर्वदलिय संयन्त्रको गठन भई सकेको छ । प्रतिष्ठानको सहजीकरणमा ईटहरा र ढुङ्गेसाघुँ गाविसका नमूना गाउँ प्रवर्द्धनका लागि ०६५/६६ मा रु २५/२५ लाख बजेटलाई नमूना गाउँ विकासका लागि प्राप्त गरि आवधिक दिगो विकास योजना निर्माण, सडक सुधार, विद्यालयको भौतिक तथा शैक्षिक सुधार, खुल्ला दिशापिसाव मुक्त क्षेत्र निर्माण, सूचना तथा संचार प्रविधिको प्रवर्द्धन, प्रारम्भिक वालविकास तथा नेतृत्व विकास तालिम, ग्रामिण विद्युतिकरण र नदी नियन्त्रणका साथै अन्य क्रियाकलापहरु संचालित रहेका छन् । यसै सर्न्दभमा प्रतिष्ठानले नमूना गाउँ प्रवर्द्धनको लागि नेपाल सरकारसँग समेत नीति निर्माणको तहमा विभिन्न छलफल तथा अन्तर क्रियाहरु आयोजना गर्दै आएको छ ।

प्रतिष्ठानले धनकुटाको छिन्ताङ्ग, ईलामको चमैता, तेह्रथुमको आङवुङ्ग, संखुवासभाको स्यावुन, झापाको खुदुनावारी, सिन्धुलिको भिमान, सिन्धुपाल्चोकको पिस्कर, रामेछापको रामेछाप, ओखलढुङ्गाको रामपुर जस्ता सहिदको रगत वगेको स्थानहरुलाई समेत नमूना गाउँ प्रवर्द्धनका लागि सहजिकरण गर्ने स्थानिय अभियन्ताहरुको क्षमता अभिवृद्धि र सिकाइ आदानप्रदान गर्ने योजना समेत लिएको छ ।

# सामुदायिक सूचना तथा संचार केन्द्र

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालले समुदायमा सूचना तथा संचार प्रविधिको पहुँच पु¥याउने उद्देश्यले सामुदायिक सूचना तथा संचार केन्द्रहरुको प्रवर्द्धको कामलाई अगाडि बढाएको छ । जस अर्न्तगत यस प्रतिष्ठानको सहजिकरणमा ईटहरा गाविसमा ८ वटा कम्प्युटर, ईमेल/इन्टरनेट सुविधा सहितको अत्याधुनिक सामुदायिक सूचना तथा संचार केन्द्रको स्थापना भई संचालन भएको छ । यस सामुदायिक सूचना तथा संचार केन्द्रबाट समुदायका मानिसहरुले कम्प्युटर साक्षरता कक्षा, आफुलाई आवश्यक सूचनाहरुको आदान प्रदान, विदेशमा रहेका आफन्तहरुसँग सर्म्पक सुविधा प्राप्त गर्न सक्षम भएका छन् । त्यसै गरी प्रतिष्ठानको सहजीकरणमा ताप्लेजु·को ढु·साँघु गाविसमा रहेको मैवाखोला उमाविमा रहेको कम्प्युटर शिक्षालाई ईमेल/इन्टरनेट सुविधा सहितको अत्याधुनिक सामुदायिक सूचना तथा संचार केन्द्रको रुपमा विकास गर्ने कामको लागि पहल सुरु भएको छ । यस कामको लागि मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, नेपाल वायरलेस नेटवर्क (महाविर पुन) र नाम्सालि· सामुदायिक विकास केन्द्र विच साझेदारीको सहमति भएको छ ।

# चलचित्र निर्माण

विगत दुई वर्षदेखी सञ्चालित सामुदायिक विकास कार्यक्रमको समुदायमा रोमान्चक परिवर्तनहरु देखिन थालेका छन् । सो परिवर्तनलाई कथामा बटुलेर विकासे चलचित्र निर्माणको अन्तिम चरणमा पुगेको छ । भौतिक निर्माण तथा सामग्री बितरणले मात्र समुदायको दिगो परिवर्तन हुने होईन, बरु मानविच सोच र दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्छ भन्ने सोच अभिबृद्धिका लागि सो चलचित्र निर्माण गर्न खोजिएको छ । विकासका अनेकौं प्रयास भइरहेको आजको अवस्थामा फेरी समुदाय परनिर्भरता तर्फ नधकेलिओस भन्नका लागि यो चलचित्रले सहयोग पु¥याउने विस्वास गरिएको छ । आगामी माघ मसान्त सम्ममा सो चलचित्र सार्वजनिक गरिने गरि समय सुचि निर्धारण गरिएको छ । अत्यन्तै सानो लगानीमा मेहनत साथ तयार गरिने उक्त चलचित्र व्यवसायिक नभइ तालिम र शिक्षाका लागि प्रयोग गरिने कार्यक्रम संयोजकले जानकारी दिनुभयो । पत्रकार भुपेन्द्र तिम्सिनाको लेखन तथा निर्देशनमा बन्ने सो चलचित्रमा चर्चित संगितकार मणिकमल क्षेत्री ज्यूले संगित दिनु भएको छ । मोरङको पथरीमा विशेष छायांकन गरिएको सो चलचित्रको केही अंश झापाको तोपगाछी, मोरङको जाँते, लेटाङ र ईन्द्रपुरमा पनि छायांकन गरिएको छ । छायांकन सुमन योन्जनले गरेका छन भने कलाकारहरुमा समूहमा आवद्ध सदस्यहरु प्रेमा श्रेष्ठ, इन्दिरा सिग्देल, यनुका थापा, अम्बिका सुब्बा, शमसेर थापा मगर, घनश्याम भट्टराई, लगायत हुनुहुन्छ ।

## विद्यार्थी भर्ना सम्पन्न

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालले आफ्नो प्राविधिक शैक्षिक कार्यक्रम अर्न्तगत विभिन्न संकायमा भर्ना कार्य सम्पन्न गरेको छ । विद्यार्थी भर्ना विवरण तालिकामा दिएको छ ।

### विद्यार्थी भर्ना

| प्रथम वर्ष (२०६६/६७) | |
|---|---|
| नर्सिङ्ग | ४० |
| सामान्य चिकित्सा | ४० |
| कृषि डिप्लोमा | ३८ |
| सिएमए | ४० |
| अनमी | ४० |
| भेटनरी जेटिए | ३१ |

## तालिम सम्पन्न

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालले विगत ३ वर्ष देखि संचालन गर्दै आएको लक्षित वर्ग शैक्षिक उपहार/ऋण कार्यक्रम संचालन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत मुख्य गरी एक वर्षे सामुदायिक पशु सहायक तथा सामुदायिक कृषि सहायक तालिमलाई समावेश गरिएको छ । प्रतिष्ठानले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाको आर्थिक सहयोगमा छोटो अवधिको विभिन्न पशुपालनसँग सम्वन्धित तालिमहरु समेत संचालन गर्दै अएको छ । २०६५/६६ सालमा लक्षित वर्ग शैक्षक उपहार/ऋण कार्यक्रम अन्तर्गत सामुदायिक पशु सहायकको तालिम २०६५ मंसिर १ गते देखि संचालन भएको थियो । जसमा शैक्षिक उपहार/ऋण अर्न्तगत २१ जना, प्लान नेपालको सहयोगमा ७ जना, प्रतिष्ठान सहयोगमा ३ जना तथा आफ्नौ खर्चमा ३ जना गरी जम्मा ३४ जना सहभागी थिए । सहभागीहरु मुख्य गरी गरीवि निवारण कोषले कार्यक्रम संचालन गरेका जिल्लाहरु जस्तै सिन्धुली, रौतहट, सर्लाही, मोरङ, सुनसरी, इलाम तथा झापा जिल्लाबाट थिए । सहभागिहरुले विभिन्न पशुपालन व्यवसाय संचालन गरी अध्ययन अवधिमै रु २५०००। ऋण समेत चुक्ता गरेका छन् ।

## कम्प्युटर शिक्षा तथा व्यवस्थापन प्रणाली

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम अन्तर्गत अध्ययन गर्न आउने विद्यार्थीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने तथा उनिहरुलाई सूचना तथा संचार प्रविधिको ज्ञान र पहुँच अभिवृद्धि गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा संचालित सबै शैक्षिक कार्यक्रमहरुमा अनिवार्य ऐछिक विषयको रुपमा आधारभूत तथा एडभान्स कम्प्युटर शिक्षा प्रारम्भ गरेको छ । विद्यार्थीहरुको समन्वय र सर्म्पक विभिन्न शैक्षिक क्षेत्रहरुमा स्थापित हुदै जाने र उनीहरुको ज्ञान, सीप, क्षमतालाई विश्व समुदाय माझ आदानप्रदानको अवसरको माध्यमबाट उनीहरुको वौद्धिक क्षमता र रोजगारीका अवसरहरु वृद्धि हुने अपेक्षा गरेको छ । जसका लागि क्रमश कम्प्युटर शिक्षालाई व्यवस्थित र विद्यार्थीहरुलाई अनलाईन सिकाईका लागि ईन्टरनेट सुविधा समेत व्यवस्था गर्ने सोचका साथ यसलाई अगाडि बढाईएको छ ।

शैक्षिक क्षेत्रमा शिक्षकहरुको क्षमता अभिवृद्धि र पुस्तकालयलाई व्यवस्थापन गर्दे डिजिटल पुस्तकालय स्थापना र विद्युतिय सिकाई (e-learning) को लागि समेत प्रतिष्ठान प्रतिवद्ध रहेको छ ।

प्रतिष्ठानको व्यवस्थापनमा कम्प्युटर प्रविधिको प्रयोगबाट यसलाई व्यवस्थित गर्ने उद्देश्यले लेखा, विद्यार्थीहरुको रेकर्ड, शूल्क संकलन, पुस्तकालय र जिन्सीसँग सम्वन्धित कम्प्युटर सफ्टेवरको प्रयोग प्रारम्भ गरेको छ । यसको प्रयोगले प्रतिष्ठानको प्रशासनिक कार्य अझ व्यवस्थित र चुस्त हुने अपेक्षा गरिएको छ ।



कृषि विज्ञान तथा पशु स्वास्थ्य शैक्षिक कार्यक्रम, मंगलवारे अर्न्तगत कम्प्युटर अध्ययन गर्दै विद्यार्थीहरु

## तालिम संचालन



तालिम उदघाटन कार्यक्रम

प्लान नेपाल, सुनसरी र मोरङको आर्थिक सहयोगमा आर्थिक रुपले पछाडि परिएका दलित तथा अपाङ्गता भएका तेह्थुम, संखुवासभा, उदयपूर, सप्तरी, सुनसरी, मोरङ र झापाका २५ जना प्रशिक्षार्थीहरुलाई पूर्ण छात्रवृत्ति (खानवस्न सहित) र ३ जनालाइ शैक्षिक शूल्क मात्र सहयोग गरी २८ जनालाई र प्रतिष्ठानको सहयोगमा ६ जना समेत ३४ जनालाई एक वर्षे सामुदायिक पशु सहायक तालिम मिति २०६६ मंसिर ३० गते देखि संचालन भईरहेको छ ।

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल
उर्लावारी, मोरङ

फोनः १०२५४००२३, ५४१७१२, ५४१७१३
फ्याक्सः ०२१५४००२३
Email: info@mbman.org.np
www.mbman.org.np

# हार्दिक बधाई

यस प्रतिष्ठानका कार्यसमिति, लेखा अनुगमन समितिका पदाधिकारी, सदस्यहरुतथा कर्मचारी नेकपा एमाले झापा तथा मोरङको जिल्ला अधिवेशनबाट निम्न पदहरुमा निर्वाचित हुनु भएकोमा वहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना सहित हार्दिक वधाई ज्ञापन गर्दछौ ।

उपाध्यक्षः श्री रोमनाथ ओली (सदस्य-जिल्ला कमिटी, झापा)
सहसचिवः श्री लोकबहादुर धिमाल (उपाध्यक्ष-जिल्ला कमिटी, झापा)
कोषाध्यक्षः श्री भूपाल सिंह जिमी राई (सदस्य-जिल्ला कमिटी, मोरङ)
सदस्यः श्री दिलप्रसाद(डि.पी.) राई (उपाध्यक्ष-जिल्ला कमिटी, मोरङ)
सदस्यः श्री एकराज भट्टराई (सदस्य-जिल्ला कमिटी, मोरङ)
सदस्यः श्री केशव कुमार सुनाम (सदस्य-जिल्ला कमिटी, मोरङ)
सदस्यः लेखा अनुगमन समिति श्री रमेश कुमार पोखरेल (सदस्य-जिल्ला कमिटी, मोरङ)

गुरुप्रसाद बराल
अध्यक्ष
तथा
**मदन भण्डारी स्मृति प्रतिष्ठान परिवार**

# तश्विरमा मदन भण्डरी फोटो पुस्तक प्रकाशन

*जसले मदनलाइ 'प्रत्यक्ष देख्न, भेट्न पाएनन, उनीहरुलाइ 'जननेताका बारे मा उठेका जिज्ञासाहरु पुरा गरावउन यो पुस्तकले महत्वपूर्ण यो गदान पुऱ्याउने अपेक्षा गरिएको छ ।*

नयाँ पुस्तालाई जननेता मदन भण्डारीसँग साक्षात्कार गराउन, पुरानो पुस्तामाझ जननेताका जीवनसँग समवन्धित सबै पक्षलाइ 'चिनाउन वहाँका प्रतिनिधि प्रतिविम्ब संयोजन गरी प्रतिष्ठानको दोस्रो उपहारका रुपमा तस्विरमा मदन भण्डारी पुस्तकलाई प्रकाशन गरिएको छ । पुस्तकमा मदनको जीवनका वहुआयामिक व्यक्तित्वका प्रतिनिधि तस्विरलाई एउटै मालामा गुथेर राख्ने प्रयास गरिएको छ । मदनसँग विभिन्न घटनाक्रममा मात्र भेटेका,




जीवनका सबै पक्षको अध्ययन गर्न अवसर नपाएका तथा युवा विद्यार्थीहरु जसले मदनलाइ 'प्रत्यक्ष देख्न भेट्न पाएनन, उनीहरुलाई जननेताका बारेमा उठेका जिज्ञासाहरु पूरा गराउन यो पुस्तकले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । कडागातामा रंगिन प्रकाशन गरिएको यस पुस्तकको प्रकाशक मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल रहेको छ भने यसको सम्पादन/संकलन अनिल पौडेलले गर्नु भएको छ । १७४ पेजको यस पुस्तकमा तस्विरसँग उक्त सर्न्दभमा मदनले व्यक्त गर्नु भएका विचारहरुलाई समेत भरसक यसमा समेटने प्रयास गरिएको छ । पुस्तकको संस्थागत मूल्य पाँच हजार र व्यक्तिगत मूल्य एक हजार तिन सय पचास रहेको छ ।

## बेमौसमी तरकारी उत्पादक तालिम अनुगमन

रोजगारका लागि सीप परियोजनाको सहकार्यमा संचालित बेमौसमी तरकारी उत्पादक तालिमको अनुगमन कार्य सम्पन्न भएको छ । प्रतिष्ठानका कार्यसमिति सदस्यहरुद्धारा भएको उक्त अनुगमन कार्यमा प्रतिष्ठान कार्यसमितिका सचिव युवराज भट्टराई, कोषाध्यक्ष भूपाल जिमी, सदस्यहरु केशव सुनाम, हरिचण सिवाकोटी, अग्नी भट्टराई, पुष्प ढकाल, सूर्य गुरागाई सहभागि रहनु भएको थियो । मिति २०६६ कार्तिक २५ गते देखि मंसिर १ गते सम्म भएको उक्त अनुगमन वर्दियाको सानो श्री, कैलालीको सुखड, सुर्खेतको उत्तर गंगा र चितवनको कविलासमा संचालित तालिम केन्द्रहरुमा भएको थियो । त्यसै गरी अनुगमनको सिलसिलामा मिति २०६६ कार्तिक २६ गते साँझ ७ बजे वर्दिया राष्ट्रिय **निकुञ्जमा अनुगमन टोली चढेको जिप दुर्घटना भएको थियो । जसमा समितिका सदस्यहरु सामान्य घाईते समेत हुनु भएको थियो ।**

**प्रतिष्ठान समाचारका लागिः**
**सल्लाहकारः रोमनाथ ओली, युवराज भट्टराई, मोहन भण्डारी**
**संकलन तथा संयोजनः संजोग लुईटेल, बन्धु निरौला**